# सम्पादकीय

नेपाली मिडियाका विविध पक्षबारे प्राज्ञिक व्यक्तित्व तथा यसका अभ्यासकर्ताबीच खँदिलो बहस गराउने उद्देश्यलाई निरन्तरता दिँदै *मिडिया अध्ययन* जर्नलको आठौँ शृंखला पाठकसामु आइपुगेको छ । विगतका अंकहरू जस्तै यसमा पनि अनुसन्धानमूलक लेख, टिप्पणी, संस्मरण र पुस्तक समीक्षाले स्थान पाएका छन् । यो अंकलाई नेपाली म्यागेजिनबारेका अनुसन्धानमूलक सामग्रीमाथि अलि बढी केन्द्रित गरिएको छ । मार्टिन चौतारी नेपाली म्यागेजिनका विविध विषयबारे अनुसन्धानरत छ । नेपाली मिडियाको व्यावसायिक विकासको थालनी मानिने २०४६ पछि र त्यसअघिको अवस्थामा विभाजन गरी चौतारीले म्यागेजिनबारेको अनुसन्धान कार्य अघि बढाएको हो । यसै क्रममा वि.सं. २०४६ पछिको अवस्थामा नेपाली म्यागेजिनको विकास र विस्तारबारे केन्द्रित अध्ययन छुट्टै पुस्तकका रूपमा चौतारीबाट छिटै प्रकाशन हुँदैछ । वि.सं. २०४६ भन्दा अघि निस्केका र ऐतिहासिकता बोकेका केही म्यागेजिनबारे छुट्टाछुट्टै अध्ययन गरी लेखिएका लेख भने 'विशेष सन्दर्भ'अन्तर्गत जर्नलको यो अंकमा समेटिएका छन् । ती लेखले सम्बन्धित म्यागेजिन प्रकाशनको पृष्ठभूमि तथा तिनले पस्कने सामग्री र अन्य व्यवस्थापकीय पक्षबारे विस्तृत रूपमा बुझ्न मद्दत गर्छ । ती लेख चौतारी भित्र तथा बाहिरका अनुसन्धानकर्ताहरूबाट लेखिएका हुन् ।

म्यागेजिनबाहेक अरू दुई लेखमध्ये पहिलो लेखले वि.सं. २००७ देखि २०१७ बीचमा नेपाली प्रेसको विस्तारसँगै त्यति बेला पत्रपत्रिकामाथि राज्यले गर्ने हस्तक्षेपको

तथ्य प्रस्तुत गर्छ । त्यस्तै, दोस्रो लेख माओवादी लडाकु महिलाका युद्धकालीन भूमिगत जीवनमाथि तिनैले लेखेका संस्मरणात्मक पुस्तकबारे गरिएको अध्ययनमा आधारित छ । ती पुस्तकमा उठाइएका विषयवस्तुको विस्तृत अध्ययन यस लेखमा प्रस्तुत गरिएको छ । यस अंकमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयनमा सूचना आयोगले खेलेको र खेल्न सक्ने भूमिकाबारेको एउटा टिप्पणी छ । त्यस्तै, दुई जना रेडियोकर्मीको रेडियो क्षेत्रमा काम गर्दाको संस्मरण र दुई पुस्तकका समीक्षाहरू पनि यस अंकमा परेका छन् ।

यस जर्नललाई अझ बढी विविधतापूर्ण तथा खँदिलो बनाउनका लागि सबै पाठक वर्गको महत्त्वपूर्ण भूमिका रहन्छ । यसमा प्रकाशित सामग्रीमाथि टिप्पणी/सुझाव दिएर तथा आगामी अंकका लागि लेख रचनाहरू पठाएर तपाईंले सहयोग गर्न सक्नुहुनेछ । नेपाली मिडियासम्बन्धी गोष्ठी तथा सम्मेलनमा प्रस्तुत गरिएका खँदिला अनुसन्धान पत्र, विश्वविद्यालयमा प्रस्तुत गरिएका शोधपत्र, वा स्वतन्त्र रूपमा गरिएका अनुसन्धानमा आधारित लेखलाई हामी यो जर्नलमा स्थान दिन सक्छौँ; विगतमा दिँदैआएका पनि छौँ । साथै, नेपाली मिडियाबारे तपाईंका टिप्पणी वा अनुभव र नेपाली मिडियासम्बन्धी पुस्तकको समीक्षा पनि यसमा समेट्न हामी इच्छुक छौँ । *मिडिया अध्ययन*मा प्रकाशन गरिने सामग्रीको प्रकृति, स्तर वा मापदण्डका लागि यस जर्नलका हरेक अंकको पछिल्लो भागमा दिइने 'लेखकलाई अनुरोध' शीर्षकअन्तर्गतका बुँदाहरू हेर्न सक्नुहुन्छ ।

*मिडिया अध्ययन*को यो अंक तयार गर्ने सिलसिलामा हाम्रो अनुरोधलाई स्वीकार गरी लेख रचना उपलब्ध गराउने सबै लेखकहरूप्रति आभार प्रकट गर्दछौँ । हाम्रो आग्रहमा विभिन्न लेखका मस्यौदाहरू पढी परिमार्जनका लागि सुझाव दिने, भाषा तथा शुद्धाशुद्ध हेरिदिने रमेश पराजुली, योगेश राज, सेरा तामाङ, संगीता पाण्डे, विमल आचार्य र यामबहादुर क्षेत्री (संगीत श्रोता) तथा लेआउट एवं आवरण डिजाइनका लागि किशोर प्रधानलाई पनि धन्यवाद छ ।

अन्तमा, आठ वर्षदेखिको निरन्तर यात्राका क्रममा विभिन्न क्षेत्रबाट हामीले पाएको हौसलाले अझ प्रतिवद्ध भएर अगाडि बढ्न हामीलाई प्रेरित गरेको छ । *मिडिया अध्ययन*का विभिन्न अंकमा प्रकाशित सामग्रीको सूची, मुद्रित प्रति सकिएका वा सकिन लागेका केही अंकहरू (अंक १, २ र ५) का सबै सामग्री, अंक १ देखि ८ सम्मका सामग्रीहरूको लेखक सूची तथा यस जर्नलसम्बन्धी अन्य जानकारीका लागि निम्न वेब ठेगानामा हेर्नुहोला : http://www.martinchautari.org.np/media-adhyayan-media-studies-media-adhyayan-is-an-annual/12-publications/journals/12-media-adhyayan-journal.html